**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः २६ नवम्बर २०२५**

***समयः १८:५० – १९:०० बजे***

**<u>मुख्य समाचार</u>**

- निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन संशोधन -एस.आई.आर सम्बन्धी तृणमूल कांग्रेसको आशंकाहरुलाई खण्डन गरेको छ।

- पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन संशोधन (एसआईआर) को चलिरहेको प्रक्रियाले लगभग 15 लाख 53 हजार मृतक मतदाताको नाम पहिचान गरेको छ।

- 9 डिसेम्बरमा हुने ड्राफ्ट मतदाता सूची प्रकाशन अघि राज्यभरीका अन्य पुलिस कमिश्नरेट क्षेत्रका सबै पुलिस थानाहरूलाई सुरक्षा कडा पार्ने निर्देशन दिइएको छ।

- जीटीए हेडमास्टर एसोसिएशन, दार्जीलिङको आयोजनामा आज दार्जीलिङमा अवकाशप्राप्त गरेका बिद्यालय प्रमुख तथा हेडमास्टरहरूलाई अवकाश जीवन बिदाइ एवं सम्मान समारोह–2025 सम्पन्न गरिएको छ।

- खरसाङको वार्ड नम्बर 2 मा रहेको टेकवीर बस्तीमा आजदेखि गाउँले हाट शुरु गरिएको छ।

**<u>निर्वाचन आयोग- टीएमसी</u>**

निर्वाचन आयोगले मतदाता सूचीको विशेष गहन संशोधन -एस.आई.आर सम्बन्धी तृणमूल कांग्रेसको आशंकाहरुलाई खण्डन गर्दै, सबै आरोपहरूलाई आधारहीन भनेको छ। पार्टीका राज्यसभा सांसद डेरेक ओ'ब्रायनको नेतृत्वमा 10 सदस्यीय प्रतिनिधिमण्डलले पश्चिम बंगालमा एस.आई.आर सम्बन्धी हिजो नयाँ दिल्लीमा निर्वाचन आयोगलाई भेटेको थियो।

***आयोगले प्रतिनिधिमण्डललाई 9 डिसम्बरमा मस्यौदा सूची जारी भएपछि दावी र आपत्तिहरू पेश गर्न भनेको छ। आयोगले त्यतिन्जेलसम्म पार्टीले निर्वाचन अधिकारीहरूको काममा हस्तक्षेप नगर्नु भनेको छ। पश्चिम बंगालका पुलिस महानिदेशक र कोलकाता पुलिस आयुक्तलाई लेखेको पत्रमा निर्वाचन आयोगले बी.एल.ओ. हरूलाई राजनीतिक दलका कार्यकर्ताहरूले दबाब दिनु अथवा धम्की दिनु हुँदैन भनेर निर्देशन दिएको छ। निर्वाचन आयोगले सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई झुपडी बस्ती, बहुमंजिला भवन र गेट गरिएको आवासीय परिसरहरूमा नयाँ मतदान केन्द्रहरू स्थापना गर्न निर्देशन दिएको छ। पश्चिम बंगालमा मुख्य निर्वाचन अधिकारीको कार्यालयमा हालै भएका सुरक्षा उल्लङ्घनहरूलाई ध्यानमा राख्दै, आयोगले कार्यालयलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न निर्देशन दिएको छ। आयोगले यस सम्बन्धमा सुरक्षा सुनिश्चित गर्न कोलकाता पुलिस आयुक्तलाई पनि निर्देशन दिएको छ। आयोगले भनेको छ कि भारतीय नागरिकहरूले मात्र मतदान गर्न सक्छन् र अनुच्छेद-326 अन्तर्गत विदेशी नागरिकहरूलाई मतदान गर्न अनुमति दिइने छैन।***

**<u>एसआईआर - पश्चिम बंगाल</u>**

पश्चिम बंगालमा मतदाता सूचीको विशेष गहन संशोधन (एसआईआर) को चलिरहेको प्रक्रियाले लगभग 15 लाख 53 हजार मृतक मतदाताको नाम पहिचान गरेको छ। छ लाख 45 हजार पत्रहरू डिजिटलाइज गरिएको छ र सात लाख 65 हजार मतगणना पत्रहरू वितरण गरिएको छ। यसैबीच, राज्यका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवालले आज एसआईआरको विषय लिएर भर्चुअल समीक्षा बैठकको अध्यक्षता गर्नु भएको थियो, जसमा राज्यका जिल्ला निर्वाचन अधिकारीहरू उपस्थिति रहेको थियो। निर्वाचन आयोगले पश्चिम बंगालका पुलिस महानिदेशकलाई राज्यमा एसआईआर प्रक्रियामा संलग्न बुथ-स्तरीय अधिकारीहरू (BLOs) र अन्य कर्मचारीहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरेको छ।

**मतदाता सूची अघि कडा सुरक्षा**

9 डिसेम्बरमा हुने ड्राफ्ट मतदाता सूची प्रकाशन अघि कोलकाता पुलिस र राज्यभरीका अन्य पुलिस कमिश्नरेट क्षेत्रका सबै पुलिस थानाहरूलाई सुरक्षा कडा पार्न निर्देशन दिइएको छ। निर्वाचन आयोगको तीन चरणको विशेष गहन संशोधन (एस.आइ.आर) प्रक्रियाको पहिलो चरण पूरा भएपछि यो निर्देशन जारी गरिएको हो। २५ नोभेम्बरमा उत्तर २४ परगना जिल्लाको बोनगाउँमा आयोजित विशाल एस.आइ.आर विरोधी ऱ्यालीमा राज्यकी मुख्यमन्त्री ममता बनर्जीले सूची प्रकाशित भएपछि "ठूलो अराजकता" उत्पन्न हुन सक्ने आशंका व्यक्त गर्नु भएको थियो। उहाँले खराब इन्टरनेटले समस्या निम्त्याइरहेको र बी.एल.ओ. एपमा फारमहरू अपलोड गर्दा त्रुटिहरू बढिरहेको बताउनु भयो। उहाँले वास्तविक मतदाताहरूलाई हटाउन र नक्कली नाम थप्न एस.आइ.आर प्रक्रिया प्रयोग भइरहेको पनि आरोप लगाउनु भयो। राज्यका एक वरिष्ठ पुलिस अधिकारीले गर्नु भएको छ कि यदि ठूलो संख्यामा वास्तविक मतदाताको नाम सूचीबाट हटाइयो भने तनाव बढ्ने सम्भावना छ। उहाँले भन्नु भयो सबै पुलिस थानाहरूलाई पहिला नै सतर्क रहन र स्थितिलाई सम्हाल्न आवश्यक कदम चाल्न भनिएको छ।

**मन की वात**

प्रधानमन्त्री नरेन्द्र मोदीले भोलि बिहान ११ बजे आकाशवाणीमा प्रसारित हुने "मन की बात" कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नु हुनेछ। यो मासिक रेडियो कार्यक्रमको १२८ औं एपिसोड हुनेछ। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, आकाशवाणी समाचार वेबसाइट र न्यूज अन एयर मोबाइल एपमा प्रसारित हुनेछ। यो आकाशवाणी समाचार, डीडी समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारण पछि आकाशवाणीले क्षेत्रीय भाषाहरूमा कार्यक्रम प्रसारण गर्नेछ।

**विद्यालयको स्वर्ण जयन्ती**

मुण्डाकोठी उच्च विद्यालयको स्वर्ण जयन्ती समारोह सम्पन्न भएको छ। पाँच दशकको लामो शैक्षिक यात्रालाई स्मरण गर्दै विद्यालय परिवार, पूर्व विद्यार्थी, अभिभावक, स्थानीय समाजका अग्रजहरू तथा विशिष्ट अतिथिहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको छ।मुण्डाकोठी उच्च विद्यालयले आफ्नो गौरवशाली 50 औं स्थापना दिवस उत्साह, उमङ्ग र ऐतिहासिक महत्त्वका साथ मनाएको छ। यस स्वर्ण जयन्ती समारोहमा प्रमुख अतिथिको रुपमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको डेपुटी चेयरम्यान एंव क्षेत्रीय सभासद राजेस चौहान उपस्थित रहेका थिए। विशिष्ट अतिथिको रुपमा सभासद नुरी शेर्पा, पूर्व सभासदहरु महेन्द्र प्रधान र रबिन्द्र लामा, एआई, एसआई, पूर्व शिक्षक शिक्षिकाहरु, पञ्चायत प्रधान लगायत अन्यहरु उपस्थित रहेका थिए। कार्यक्रममा प्रमुख, विशिष्ट अतिथिहरु, विभिन्न विद्यालयका शिक्षक शिक्षिकाहरुलाई स्मृति चिनो प्रदान गरेर सम्मान जनाइएको थियो। कार्यक्रममा विभिन्न सांस्कृतिक र सांगीतिक कार्यक्रमहरु आयोजना गरिएको थियो।

**जीटीए सम्मान समारोह**

जीटीए हेडमास्टर एसोसिएशन, दार्जीलिङको आयोजनामा आज स्थानीय गोर्खा रंगमञ्च भवन, दार्जीलिङमा अवकाशप्राप्त गरेका बिद्यालय प्रमुख तथा हेडमास्टरहरूलाई अवकाश जीवन बिदाइ एवं सम्मान समारोह–2025 सम्पन्न गरियो। 1 जुलाई 2020 देखि अक्टोबर 2025 सम्म अवकाश प्राप्त गरेका 53 जना अवकाशप्राप्त बिद्यालय प्रमुख तथा हेडमास्टरहरूलाई उनीहरुले शिक्षाक्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै सम्मानसहित बिदाइ गरिएको आयोजक समितिका सदस्य एंव जीटीए सेकेण्डरी हेडमास्टर एसोसिएसनका अध्यक्ष पी.के. राई ले जानकारी गराएका छन। कार्यक्रममा जीटीए सभाध्यक्ष अन्जुल चौहान प्रमुख

अतिथिको रूपमा उपस्थित रहेका थिए। साथै अन्य अतिथिहरूमा जीटीए डेपुटी चिफ राजेस चौहान, स्कूल सर्भिस कमिशनका चेयरम्यान विजय कुमार राई, विभागीय अधिकारीहरू तथा विभिन्न व्याक्तीत्वहरुको उपस्थिति रहेको थियो।

**सफाइ अभियान**

दार्जीलिङ नगरपालिका वार्ड नम्बर २ को गान्धी रोडस्थित गर्ग वर्ल्ड नजिकै व्यापक सफाइ अभियान सञ्चालन गरियो। अभियानमा दार्जीलिङ नगरपालिकाका अध्यक्ष दिपेन ठकुरी, स्थानीय वासिन्दा, नगरपालिका कर्मचारी तथा अन्य सक्रिय उपस्थिति रहेको थियो। स्काइवेटरको सहयोगमा गरिएको यस व्यापक सफाइ अभियानमा फोहोरले भरिएको यस क्षेत्रलाई पूर्ण रूपमा सफा गरिएको थियो। सफाइपछि यस स्थानलाई व्यवस्थित गर्दै भ्यू प्वइन्ट निर्माण गर्ने योजना रहेको दार्जीलिङ नगरपालिका अध्यक्ष दिपेन ठकुरीले जानकारी दिनु भएको छ।

**गाउँले हाट**

खरसाङको वार्ड नम्बर 2 मा रहेको टेकवीर बस्तीमा आजदेखि गाउँले हाट शुरु गरिएको छ। अबदेखि सप्ताहको प्रत्येक शनिवार लाग्ने यो गाउँले हाटको उदघाटन प्रमुख अतिथिको रुपमा उपस्थित खरसाङ नगरपालिकाको चेयरम्यान ब्रिगेन गुरुङले रिबन काटेर उदघाटन गर्नु भएको थियो। टेकवीर बस्तीमा शुरु गरिएको गाउँले हाटको पहिलो दिन 21 वटा दोकानहरु लगाइएको थियो भने 30 वटा दोकानहरु पञ्जीकरण गरिएको जानकारी प्राप्त भएको छ। यस गाउँले हाट उदघाटनको अवसरमा प्रमुख अतिथि र विशिष्ट अतिथिहरुद्वारा सम्पूर्ण दोकानहरुको निरीक्षण भ्रमण गरिएको थियो।

**नागरी फार्म सडक**

लामो समयको पर्खाइपछि पनि नागरी फार्म चियाबारीको बस बिसौनीदेखि खेल मैदानसम्मको बाटो निर्माणकार्य पुरा नहुँदा स्थानीयले आपत्ति जनाएका छन्। जीटीएको विशेष पहलमा निर्माणाधीन बाटो अधुरो रहेको विषयलाई केन्द्र गरेर मोक्तान गाउँका ग्रामवासीले अविलम्ब बाटो बनाइनुपर्ने माग राखेका छन्। स्मरण रहोस , जुन महिनामा खनिएको यस बाटोको थोरै भाग मात्र बनाइएको छ भने रहल थाँतीमा छ। बाटोको यस अवस्थाको कारण रोगी,वाहन चालक एवम् सर्वसाधरण मर्कामा परेका छन्। सम्बन्धित पक्षले बाटो निर्माणकार्य चाँडै शुरू नगरेको खण्डमा अघिल्लो कदम चाल्न वाध्य हुने ग्रामवासीको भनाइ छ।

***********